# यशैयाः

"मेरा जनहरूलाई सान्त्वना देऊ"

***(ISAIAH: Comfort My People)***

(मिशन समाचार सहित)


लेखकः

ऱ्वाय ई. गेन

**(Roy E. Gane)**

भावानुवादकः

भजुराम तखाछेँ श्रेष्ठ



हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

सन् २०२१ (बि.सं. २०७७)

ईन्टरनेट वेबसाईट : https://www.nepalworks.com/bhajupurna
https://www.sabbathschoolpersonalministries.org/international

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**

**सम्पादक: क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७७ (ई.सं. २०२१)

**कम्प्यूटर लेआउट**

सुजीत कुमार साह

*"कोरोना र प्राविधिक कारणले गर्दा भाषा शुद्धिकरण नगरिएकोले त्रुटीको निम्ति क्षमाप्रार्थी-अनुवादक।"*

भजुराम श्रेष्ठ, ☎ ९८४०२९२७८५
**bhajupurna@gmail.com**

(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक

उमेश कुमार पोखरेल

९८४४२२८६०६

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## "मेरा जनहरूलाई संतोष वा सान्त्वना देऊ"

माथिका शब्दहरू परमेश्वरका मुखारबाट आएका थिए। यी शब्दहरू यशैया ४०:१मा अगमवक्ता यशैयाले लेखेका थिए। ती शब्दहरू उनको पुस्तकमा कोरेको जब हामी पहिलो पल्ट पढ्छौं तब ती शब्दहरू साथै अगमवक्ताका अरू शब्दहरू हाम्रो अन्तस्करण वा विवेकमा गाडिन पुगिन्छ। यशैयाका शब्दहरू कहिल्यै नबिर्सिने शब्दहरू हुन्। उनका शब्दहरू भारी अर्थहरूले खाँजिएकोमात्र होइन ती शब्दहरूले हामीलाई आशा दिन्छन् र परमेश्वरका प्रतिज्ञाहरू हामीलाई बोकाइ दिन्छन्। यशैयाले कोरेका धेरै यस्ता अर्थपूर्ण शब्दहरू छन् जसले हामीलाई परमेश्वरमा जुरुक्क जुरुक्क उचाल्दछ। ती शब्दहरूमा देहायका केही हुन्: "परमेश्वर हामीहरूसित" (यशैया ७:१४), "हाम्रो निम्ति बालक जन्मिएको छ" (यशैया ९:६), "हरेक उपत्यका उचालिनेछ" (यशैया ४०:४) र "५ तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ" (यशैया ५३:५-६)।

शब्दहरूले विभिन्न कुराहरूको चित्रण गर्दछन्, प्रतिकहरू कोर्दछन् र प्रतिध्वनी गर्दछन्। यदि शब्दहरू कमजोर र तुच्छ छन् भने तिनीहरूले कमजोर र तुच्छ चित्रणलाई दिमागमा सृजना गराउँछ। यदि शब्दहरू शक्तिशाली, प्रशोधित वा सफा छन् र जतनसाथ कोरिन्छ भने ती शब्दहरू सुन्नेको दिमागमा पनि प्रभावकारीरूपमा कोरिएको हुन्छ, ती सुन्ने मानिसहरूको दिमागमा ती शब्दहरू सफा, प्रशोधित र चर्को भएर बस्दछन्। ती शब्दहरू सुन्नेहरूको दिमागमा ती शब्दहरूको ताजा प्रतिध्वनी गुञ्जिरहेको हुन्छ। तिनै कारणहरूले यशैयाका शब्दहरूका आवाजहरू किन चर्को छन् र २७ शताब्दीपछि पनि किन ताजै भएर गुञ्जिरहन्छन् भनेर बुझाउँछन्।

यशैयाले कष्ट भोग्ने सेवकको बारेमा मार्मिक तवरले लेखेका कविता वा छन्द यशैया ५२:१३-५३:१२मा छ। यसमा मसीहको बारेमा गरेको चित्रण पुरानो करारको कुनै पनि अरू पुस्तकहरूमा उल्लेख गरिएको भन्दा

सफा र स्पष्ट छ। यही एउटा अंशलेमात्र यशैयालाई "सुसमाचारका अगमवक्ता" भन्ने नाउँ दिन सबै सहमत भएको पाउँछौं।

त्यसको थपमा, उनले पर्सियाका राजा साइरस वा कोरेशको किटानै गरेर भविष्यवाणी गरेका थिए। त्यो राजाको नाउँ बेबिलोन कब्जा गर्नुभन्दा एक सय पचास वर्ष अघि यशैयाले उल्लेख गरेका थिए (यशैया ४४:२८-४५:६)। त्यस भविष्याणी ठ्याक्कै पूरा भएको देख्दा त्यसबाट चकित भएर कतिपय विद्वानहरूले अर्कै यशैयाले भविष्यवाणी गरेका हुन् भनेर विवाद गर्न पनि नतम्सेको होइन। कतिपय ती विद्वानहरू वा बाइबलकै व्याख्याकार भनाउँदाहरू किन नहुन् तिनीहरूले परमेश्वरको भविष्यवाणीलाई बुझ्न असमर्थ हुनु नै तिनीहरूको वौद्धिक दिमाग मानिसहरूको कल्पनाले धुजा धुजा भएको हुनाले हो। अपार परमेश्वरको ज्ञानलाई मरणशील मानिसको सिमित वौद्धिक दिमागमा थुन्न खोज्नु हास्यस्पद ठान्नुपर्छ।

यशैयाले व्यक्त गरेका भावनाहरू अत्यन्तै विशेष छन्। मानिसहरूका हृदयमा गाडिने गरि कतिपय चित्रणहरू तेजिलो र स्पष्ट शब्दहरू उनले प्रयोग गरेका छन्। उनको लेखमा कविता जस्तो छन्दहरू छन्। ती पढ्दा भारी मनलाई संतुलनमा ल्याउँदछ। उनका लेखहरू विश्वको नामुद सङ्गितकार बेथोभनले रचेका सङ्गीत जस्ता छन् जसले लेखेका धुनहरू नाटकीयरूपमा फरक फरक छन्। जसरी सङ्गीतमा धेरै बाजाहरू समावेश गरेर उल्लेखनीय धुन बराबर, बिस्तारै, बिस्तारै बढाएर सबैको मनलाई मुग्ध गर्ने गरेर बजाइन्छ त्यसरी नै यशैयाको पुस्तकले पनि परमेश्वरका सोचबिचारहरूलाई साहित्यिक कलामार्फत हामीहरूको दिमागलाई प्रभावित पार्दछ। उनका लेखहरू दिनहुँ चल्ने चलन चल्तीका भावनाहरूभन्दा अति उच्च छन् जसरी स्वर्ग, पृथ्वीभन्दा उच्च छ। उनका लेखहरू हामीप्रति परमेश्वरले गर्नुहुने सोचहरू र चालहरू बुझ्ने साधन भएको हुनाले ती पढ्नु अत्यन्तै लायकको र लाभदायक छन्। उदाहरणमा हेर्नुहोस् "८ “किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्,” परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्।" (यशैया ५५:८-९)। हिब्रू भाषामा लेखिएको यस पुस्तक अनुवाद गर्दा कतिपय समयमा यसले भन्न खोजेको शब्दका अर्थहरू गुम्न सक्छन् किनकि हिब्रू भाषाका शब्दका लेखहरू र

वाक्यहरू अरू भाषाहरूमा नहुन सक्छ। तैपनि धार्मिक र अधार्मिक साहित्यको इतिहासमा यशैयाको लेखनशैलीसँग मिल्ने थोरै पुस्तकहरू नभएको त होइन।

यशैयाका शब्दहरू, उनले व्यक्त गर्ने स्पष्टकला, उनको कवितामय छन्दहरू, उनका जोशिला र प्रभावकारी भावनाहरू उनका पुस्तक पढे हामीलाई थाहा हुन्छ। तर यशैया कस्तो मानिस थियो, उनले कुन संसार र परिस्थितिमा त्यो किताब लेखे, प्रार्थना गरे र भविष्यवाणी बोले, के हामीलाई थाहा छ त? उनी निष्ठुर असेरिया साम्राज्यको मुनि थियो। त्यस साम्राज्यको शक्ति उच्च तरिकाले बढ्दै थियो। जहाँ जहाँ त्यस साम्राज्यका सैनिकहरूले खुट्टा हाले त्यहाँ त्यहाँ मानिसहरूलाई धुलोपिठो गरेका थिए। अझ त्यो भन्दा खराब त परमेश्वरका चुनिएका जनहरू भनिने यहूदाका मानिसहरू नैतिक कमजोरमा तल तल डुबिरहेको थियो। बाटोघाटोमा नै लोभ र दुर्गतिहरूले गर्दा मानिसहरू एक आपसमा आक्रमण गर्दथे र लुछाचुड गर्दथे। धन कमाउने होडबाजीमा लाग्दा र बाँच्नको निम्ति सङ्घर्ष गर्दा कतिपय मानिसहरू वेकारको आशाको लतमा लागेका थिए भने कतिपय मानिसहरू चिन्ताले ग्रस्त भएर आफ्नो जीवनलाई सुकाइ रहेको थियो। त्यस्तो प्रतिकूल परिस्थितिमा यशैयाले आफ्नो राज्यको पहिचानलाई सुरक्षित राख्न चाहेका थिए। त्यो आफूलेमात्र सम्भव नभएकोले निराशा र कङ्गालको भुमरिमा परिरहेका थोरै भएपनि केही मानिसहरूलाई परमेश्वरको वास्तविक अस्तित्वमा भरोसा राख्न यशैयाले आह्वान गरेका थिए। आफ्ना जनहरूलाई परमेश्वरतिर हेर्न उनले आग्रह गरे। उहाँ नै इस्राएलको पवित्र परमेश्वर हुनुहुन्छ, सारा स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ, उहाँले सबैको ब्यक्तिगत नाउँहरू थाहा छ र उहाँले नै आगोबाट उद्धार गर्ने प्रतिज्ञा गर्नुभएको छ तर परमेश्वर तिनीहरूको पक्षमा त्यसबेलामात्र उभिनुहुन्छ जब तिनीहरूले उहाँलाई सुन्नुपर्छ र उहाँका वचनहरू पालन गर्नुपर्छ भनेर यशैयाले मानिसहरूको सामु चर्को स्वरमा आवाज उठाएका थिए।

यशैयाले राजाहरूलाई सरसल्लाह दिए। असेरियन पल्टनको घेराऊले गर्दा परमेश्वरका जनहरू यरुशलेम सहरमा मानौं नजरबन्दमा थिए। त्यसैबेला यशैयाले भविष्यवाणी बोलेर राजा हेजकियाको मनोबललाई उचालेका थिए। यरुशलेमको एउटै आशा परमेश्वरबाट आउने आश्चर्य काम हो भनेर उनले राजालाई आश्वस्त पारेका थिए (यशैया ३६,३७)। सय वर्षपछि यरुशलेम बेबिलोनको हातबाट पतन भएको थियो तर यसबेला अर्थात् हिजकिया र यशैयाको पालामा असेरियालाई जित्न दिएको भए आफूले जितेका

मानिसहरूलाई तितिर बितर पार्ने असेरियाको नीतिले यहूदाको राष्ट्रिय पहिचाननै सदाको निम्ति बिलाएर जान्थ्यो। त्यसले गर्दा यहूदी जनहरूको अस्तित्व हुने थिएन। अर्थात् विश्वका उद्धारकर्ता मसीहको आगमन यहूदी घरानाबाट हुने थिएन।

यस अध्ययन पुस्तकमा हामीले यशैयालाई नियाल्नेछौं। उनका वचनहरू, उनको ऐतिहासिक काल र उनले भोगेका कष्टहरू हामीले हेर्नेछौं। विशेष गरेर र उनबाट परमेश्वरका आवाजहरू त्यसबेला र अहिले पनि हाम्रो निम्ति घन्किरहेको हामी हेर्नेछौं। उहाँले हामीलाई यसरी आश्वस्त पार्नुहुन्छ "तर अब हे याकूब, तिमीलाई रच्नुहुने, हे इस्राएल, तिमीलाई सृष्टि गर्नुहुने परमप्रभु भन्नुहुन्छः "नडराऊ, किनकि मैले तिमीलाई मोल तिरेर छुटाएको छु। मैले तिमीलाई तिम्रो नाउँ काढ़ेर बोलाएको छु, तिमी मेरै हौ" (यशैया ४३:१)।

*डाक्टर रोय गेन हिब्रू भाषाको विशेषज्ञ हुनुहुन्छ। उहाँ अमेरिकाको मिशिगन राज्यको बेरियन स्प्रिङ्गसमा रहेको आन्द्रु युनिभर्सिटीको हाटामा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजी सेमिनारमा पुरानो करारको अध्यापक हुनुहुन्छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | विशिष्ट पहिचानको सङ्कट | १ |
| २. | नेतृत्वको सङ्कट | २२ |
| ३. | जब तपाईंको आफ्नै संसार भत्केर ... | ४३ |
| ४. | कठिन बाटो | ६० |
| ५. | यश्वसीमय शान्तिका राजकुमार | ८० |
| ६. | परमेश्वरको खेल खेल्नु | १०० |
| ७. | असेरियनहरूलाई परास्त्र | १२६ |
| ८. | "मेरा जनहरूलाई सान्त्वना, सान्त्वना" | १५१ |
| ९. | सेवा गर्नु र उद्धार गर्नु | १७० |
| १०. | नसोचिएको काम गर्नु | १८५ |
| ११. | प्रेमको निम्ति सङ्घर्ष | २०० |
| १२. | सारा राष्ट्रहरूको चाहना | २१७ |
| १३. | यस पृथ्वी ग्रहको पुनर्जन्म | २३१ |

## अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन चैत्र १३, २०७७ (मार्च २६, २०२१) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्‌अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पुस ११-१७ (डिसेम्बर २६-जेनवरी १) |
| २ | अध्याय २ | पुस १८-२४ (जनवरी २-८) |
| ३ | अध्याय ३ | पुस २५- माघ २ (जेनवरी ९-१५) |
| ४ | अध्याय ४ | माघ ३-९ (जनवरी १६-२२) |
| ५ | अध्याय ५ | माघ १०-१६ (जनवरी २३-२९) |
| ६ | अध्याय ६ | माघ १७-२३ (जनवरी ३०-फेव्ररी ५) |
| ७ | अध्याय ७ | माघ २४-३० (फेव्रुअरी ६-१२) |
| ८ | अध्याय ८ | फागुन १-७ (फेव्रुअरी १३-१९) |
| ९ | अध्याय ९ | फागुन ८-१४ (फेव्रुअरी २०-२६) |
| १० | अध्याय १० | फागुन १५-२१ (फेव्रुअरी २७-मार्च ५) |
| ११ | अध्याय ११ | फागुन २२-२८ (मार्च ६-१२) |
| १२ | अध्याय १२ | फागुन २९- चैत्र ६ (मार्च १३-१९) |
| १३ | अध्याय १३ | चैत्र ७-१३ (मार्च २०-२६) |